# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## चौदण्डीगढी नगरपालिका


## उदयपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## चौदण्डीगढी नगरपालिका
### उदयपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चौदण्डीगढी नगरपालिका

उदयपुर


महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजू फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०

च.नं. १५५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
चौदण्डीगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
उदयपुर ।

**कैफियतसहितको राय**

हामीले चौदण्डीगढी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ५ करोड ४ लाख २३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २ करोड ६१ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७ लाख २ हजार, नियमित गर्नुपर्ने रु १ करोड ८ लाख ९१ हजार र पेश्की रू. २६ लाख ८४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ११ करोड ४९ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १६ करोड ५३ लाख ३९ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## चौदण्डीगढी नगरपालिका, उदयपुर

### १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2" rowspan="2">दफा संख्या</th><th rowspan="3">रकम</th><th colspan="2" rowspan="2">दफा संख्या</th><th rowspan="3">रकम</th><th colspan="2" rowspan="2">दफा संख्या</th><th rowspan="3">रकम</th><th rowspan="3">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th rowspan="2">अनियमित भएको</th><th rowspan="2">प्रमाण कागजात पेश नभएको</th><th rowspan="2">राजस्व लगत जिम्मेवारी नसारेको</th><th rowspan="2">सोधभर्ना नलिएको</th><th rowspan="2">जम्मा</th><th rowspan="2"></th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th></tr>
<tr><td>५०</td><td>५९</td><td>५०४२३</td><td>०</td><td>०</td><td>०</td><td>५०</td><td>५९</td><td>५०४२३</td><td>२६१४६</td><td>१०८९१</td><td>१०७०२</td><td>०</td><td>०</td><td>२१५९४</td><td>२६८४</td></tr>
</table>

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| उदयपुर | चौदण्डीगढी नगरपालिका | ११४९१६ | ० | ० | ११४९१६ | ० | ५०४२३ | १६५३३९ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चौदण्डगढी नगरपालिका, उदयपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चित्र प्रसाद गुरागाइं | २०७९-५-२० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Dhrubaraj Acharya | २०७७-६-२१ | २०७९-३-३२ |
| लेखा प्रमुख | अम्बर बहादुर मगर | २०७६-१-२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५०,४२३,३११.५७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,५०,१०,००२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४८,२३,९६,७३०.२६ | **चालु खर्च** | ७२,१०,४६,२४३.६४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,८६,७७,३११.६ | **पूँजीगत खर्च** | १९,६८,१६,००९ |
| **राजश्व बाँडफाँट** | १४,३९,६८,७८२.६८ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | २,६५,७५,१०५ | | |
| **अन्य आय** | २२,९६,८६,०९५.०८ | | |
| **कुल आय** | ९१,१३,०४,०२४.६२ | **कुल खर्च** | ९१,७८,६२,२५२.६४ |
| | **बाँकी मौज्दात** | १,८४,५१,७७३.९८ | |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो र भरपर्दो विकास लाभको समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो। नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। प्रदेश नं. १ मा अवस्थित यो नगरपालिका अन्तर्गत १० वडा र ५३ सभा सदस्य रहेका छन्। यो पालिकाको २८३.७८ वर्ग कि.मी. क्षेत्रफल र जनसंख्या ४८५७४ रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९ निकायगत लेखापरीक्षण योजना व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत सूचनाको पहुँचमा हुने सीमितता कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था प्राविधिक ज्ञानको सीमितता कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणका क्रममा असुल भएको व्यहोरा देहाय बमोजिम छः | |

| क्र. सं . | योजनाको नाम | असुल तथा दाखिला भएको रकम |
|---|---|---|
| १ | विद्यालहरुलाई तलव बढी निसाका भएको रकम रु. | ६९७९० |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>२</td><td>संघीय सशर्त तर्फको रकम प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर भएको फिर्ता रु.</td><td>३८२१९३६</td></tr><tr><td></td><td>जम्मा</td><td>३८९१७२६.</td></tr></table> | |
| ४ | | | **वित्तीय प्रतिवेदन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ८४६७७३९४१ | ९११३०४०२५ | ० | ९११३०४०२५ | ७१४४४१२११ | ४१०६९४२ | ७१८५४८१५३ |
| क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | | ८३०५३५७१२ | ६८१६१७९३० | ० | ६८१६१७९३० | ६७५१२५६९० | ४१०६९४२ | ६७९२३२६३२ |
| ११००० कर | ११ | १५९९७५६४० | १५३००९३७० | ० | १५३००९३७० | १२६६३४९४४ | ० | १२६६३४९४४ |
| १३००० अनुदान | | ५७३९८३००० | ५११०७४०४२ | ० | ५११०७४०४२ | ५२८७६१६४२ | ४१०६९४२ | ५३२८६८५८४ |
| संघीय सरकार | १२ | ५४०८९५००० | ४८२३९६७३० | ० | ४८२३९६७३० | ५०८५७४६४२ | ४१०६९४२ | ५१२६८१५८४ |
| प्रदेश सरकार | १२ | ३३०८८००० | २८६७७३१२ | ० | २८६७७३१२ | २०१८७००० | ० | २०१८७००० |
| १४००० अन्य राजस्व | | ९६५७७०७२ | १७५३४५१८ | ० | १७५३४५१८ | १९७२९१०४ | ० | १९७२९१०४ |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | १६२३८२२९ | २२९६८६०९५ | ० | २२९६८६०९५ | ३९३१५५२२ | | ३९३१५५२२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ३ | ० | ३ | ० | ० | ० |
| कोषहरु | | १६२३८२२९ | ६४३५५२४ | ० | ६४३५५२४ | ३४९५७०३२ | ० | ३४९५७०३२ |
| धरौटी | | ० | ५३२९०९७ | ० | ५३२९०९७ | ४३५८४९० | ० | ४३५८४९० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | २२९५४६७४४ | २१७९२१४७१ | ० | २१७९२१४७१ | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८५५७७३६६२ | ९१७८६२२५३ | ० | ९१७८६२२५३ | ७१०८९६४१३ | २००४५४२ | ७१२९००९५५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८३९५३५४३३ | ६८३१३७३५५ | | ६८३१३७३५५ | ६५३६४३६६६ | २००४५४२ | ६५५६४८२०८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २६७४६२६४९ | २४८७९३६७१ | ० | २४८७९३६७१ | २३६८१३१४० | ० | २३६८१३१४० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २४९८६०९६० | २०६००३५९७ | ० | २०६००३५९७ | १३०७३३०१२ | ० | १३०७३३०१२ |
| २५००० सहायता (Subsidy) | १८ | १७४९२००० | ९६८२५११ | ० | ९६८२५११ | २६९८५२५४ | ० | २६९८५२५४ |
| २६००० अनुदान | १८ | ३००७००० | १२६६००० | ० | १२६६००० | १४९४००६० | २००४५४२ | १६९४४६०२ |
| २७००० सामाजिक सुरक्षा | १८ | ३१८९३८९३ | १६३४३७७९ | ० | १६३४३७७९ | २०२२५३३७ | ० | २०२२५३३७ |
| २८००० अन्य खर्च | १८ | ५०८४४३३ | ४२३१७८८ | ० | ४२३१७८८ | १२१३६७३ | ० | १२१३६७३ |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २६४७३४४९८ | १९६८१६००९ | ० | १९६८१६००९ | २२२७३३१९० | ० | २२२७३३१९० |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १६२३८२२९ | २३४७२४८९८ | ० | २३४७२४८९८ | ७१०८९६४१३ | २००४५४२ | ७१२९००९५५ |
| कोषहरु | | १६२३८२२९ | ९४८२९४१ | ० | ९४८२९४१ | ५०९०७२३३ | ० | ५०९०७२३३ |
| धरौटी | | ० | ७३२१५३९ | ० | ७३२१५३९ | ६३४५५१४ | ० | ६३४५५१४ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | २२९५४६७४४ | २१७९२१४७१ | ० | २१७९२१४७१ | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१०५३ | | -१०५३ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | -८९९९७२१ | -६५५८२२८ | ० | -६५५८२२८ | ३५४४७९८ | २१०२४०० | ५६४७१९८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २९३६७८१० | | २५०१०००२ | ३५४०७०४० | | ३५४०७०४० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -८९९९७२१ | २२८०९५८२ | ० | १८४५१७७४ | ३८९५१८३९ | २१०२४०० | ४१०५४२३९ |
| बैंक तथा नगद बाकी | २४ | | १५८४४१२६ | | १५८४४१२६ | १४७४५०६३ | | १४७४५०६३ |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **वित्तीय विवरण परीक्षण** | |
| ५.१ | | | **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ | |

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>। पालिकाले सामाजिक सुरक्षा एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको सानाँ सिँचाई कार्यक्रम लगायतका खर्च समेत सुत्र प्रणालीवाट लेखाङ्कन गरेको देखिएन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>पालिकाको गत वर्षको वित्तिय प्रतिवेदन अनुसार गत आर्थिक बर्षको अन्तिम मौज्दात रु ३२४६५७९०।३६ रहेकोमा पालिकाको यस बर्षको वित्तिय प्रतिवेदनको सुरु मौदात रु २५०१०००२ मात्र जिम्मेवारी सारेको बांकी रकम जिम्मेवारी नसारी सडक वोर्ड भौचर नं १ -२०७८।११।१२ मा रु १९२०००० र कवड हल स्टेट निर्माणको भौचर नं १ मिति २०७८।११।१८ मा रु २३४७०८ विभाज्य कोष भौचर नं १-२०७८।९।१४ मा रु २६०८९८।९२ गरी जम्मा रु २४१५६०६।९२ देखिएकोले रु ५०४०१८१।४४ घटि जिम्मेवारी सारेको देखिएकोले सो आम्दानी बाँध्नु पर्ने वा हिसाव मिलान विवरण पेश गर्नु पर्ने देखिएको रु</td><td>५०४०१८१.४४</td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>कार्यालयले बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ राख्नु पर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारको कोषहरुमा श्रेष्तामा भन्दा वैंकमा निम्नअनुसारको रु २४९६५४४१.८३ बढि रकम देखिएमा हिसाव मिलान विवरण तयार गरेको देखिएन। पालिकाले कोषहरु र वैंक खाता हिसाव मिलान गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>खाताको प्रकार</th><th>खाता अनुसार बाकी रु</th><th>बैंक अनुसार बाकी रु</th><th>फरक</th></tr>
<tr><td>ग १.१ आन्तरिक राजस्व खाता</td><td>०.६७</td><td>३३४०२६५.४५</td><td>-३३४०२६४.७८</td></tr>
<tr><td>ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०</td><td>६५८०१.७९</td><td>-६५८०१.७९</td></tr>
<tr><td>ग १.३ आन्तरिक अनुदान खाता</td><td>०</td><td>०.</td><td>०.</td></tr>
<tr><td>ग २.१ चालू खर्च खाता- विजोर वर्ष</td><td>०</td><td>११७५७८३५.८१</td><td>-११७५७८३५.८१</td></tr>
<tr><td>ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>०.२</td><td>६३९१५५५.२</td><td>-६३९१५५५.</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग २.७ विविध खर्च खाता</td><td>९८१५०९.४५</td><td>१५४९४१०.९६</td><td>-५६७९०१.५१</td></tr>
<tr><td>ग ३.१ स्धानीय तह धरौटी खाता</td><td>८४९२३३६.</td><td>१३३०३०८४.</td><td>-४८१०७४८.</td></tr>
<tr><td>ग ४.१ स्थानीय तह सञ्चित कोष खाता</td><td>५४६७५९१.४</td><td>८४८४७३.९५</td><td>४६१९११७.४५</td></tr>
<tr><td>ग ६.१ स्थानीय तह विभाज्य कोष खाता</td><td>२.६६</td><td>३४०९६४६.६६</td><td>-३४०९६४४.</td></tr>
<tr><td>ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>८९५८१.८६</td><td>१४३४९३.९९</td><td>-५३९१२.१३</td></tr>
<tr><td>बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता]</td><td>३४८३५३.३३</td><td></td><td>३४८३५३.३३</td></tr>
<tr><td>बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता]</td><td>४६४७५०.४१</td><td></td><td>४६४७५०.४१</td></tr>
<tr><td>जम्मा</td><td>१५८४४१२५.९८</td><td>४०८०९५६७.८१</td><td>-२४९६५४४१.८३</td></tr>
</table>
साथै अनुसुची २४ मा राजस्व खाता र संचित कोष खाताको रु ३४८३५३।३३ र संचित कोष खाता र खर्च खाता बिचमा रु ४६४७५०।४१ गरी जम्मा रु ८१३१०३।७४ कारोवारमा भिन्नता देखाएकोमा सोको समेत हिसाव मिलान गर्नुपर्नेमा गरेको देखिएन ।<br>
साथै वित्तिय प्रतिवेदन म.ले.प. फारम नं २७२ मा वर्सान्तको बांकी रकम रु १८४५१७७४ र वैक तथा नगद बांकी रमक रु १५८४४१२५.९८ रहेकोमा विचको भिन्नता रु २६०७६४८. हिसाव मिलान गरी अध्यावधिक राख्नुपर्ने देखिन्छ।
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>अवण्डा -स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस</td><td></td></tr>
</table>

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा कार्यालयले स्वीकृत बजेट खर्च गर्दा निर्धारित कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । सो विपरीक्त नगरपालिकाले विपद व्यवस्थापन भैपरी मर्मत तथा संभारमा रु.११९९१७००।— अवण्डा राखी नगर कार्यापालिकाको पटक पटकको निर्णयको आधारमा खर्च गर्ने गरेको देखिन्छ । नगर सभाबाट कार्यक्रम पुर्व स्वीकृत नगराई खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्ने देखिन्छ | |
| ६.२ | | | बजेट तथा कार्यक्रम तर्जुमा समितिः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७(१) मा उपाध्यक्ष तथा उपप्रमुखको संयोजकत्वमा वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी बर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रमको दोहोरपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था छ । तर पालिकामा यस सम्वन्धमा समितिको वैठक वसेको देखिएन। | |
| ६.३ | | | योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। | |
| ६.४ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर प्रदेश स्तर जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नु व्यवस्था गरेको छ। पालिकाले चौमासिक र बार्षिक प्रगति विवरण बनाई नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने देखिन्छ। | |
| ६.५ | | | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः स्थानीय सरकार संचलान ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कुल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकीकरण विषयगत बजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते | |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भित्र गरिसक्नपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट बजेट बर्ष पछिको थप २ बर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेमा समितिले ऐनको व्यवस्था अनुसार बजेट सीमा उपलब्ध गराएको छैन । समितिले ऐनको व्यवस्था अनुसार कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ७ | | | **कर्मचारी संगठन तथा व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २५२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित ४५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र अनावश्यक पदहरुमा नियुक्ति दिँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ८ | | | **करार कर्मचारीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा अस्थायी करार पदमा २१४ जना कर्मचारीहरु करारमा राखी रु.४९६८७९०४/६१ खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी सवारी चालक सयश कार्यालय सहयोगी पलम्बर इलेक्टीसियन चौकिदार मालि बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित वाहेकको इन्जिनियर सहायक पाँचौ सव-ईन्जिनयर सहायक कम्युटर अपरेटर. सहायक चौथो समाजिक परिचालक लगायतका ७ पदमा २१ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ८१४२८६२/- भुक्तानी गरेको नियमसंमत नदेखिएको रु | ८१४२८६२ |
| ९ | | | **अवकाश कोष** | |

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो वमोजिम कार्यविधि वनाई अवकास कोष स्थापना गरेको देखिएन।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>सेवा प्रवाह<br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ११ (२) मा नगरपालिकाको कामकर्तव्य र अधिकारको व्यवस्था रहेको छ । नगरपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिसघरबाटोनाता प्रमाणितपञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिका तथाअन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>क्र.सं.</th><th>सेवा प्रवाहको विवरण</th><th>सेवा प्रासिको लागि प्राप्त निवेदन संख्या</th><th>सिफारिस संख्या</th></tr>
<tr><td>१</td><td>नागरिकता सिफारिस</td><td>२९४०</td><td>२८४०</td></tr>
<tr><td>२</td><td>घरबाटो सिफारिस</td><td>९०२</td><td>९०२</td></tr>
<tr><td>३</td><td>नाता प्रमाणित</td><td>१०७३</td><td>१०७३</td></tr>
<tr><td>४</td><td>जन्म मृत्यू तथा विवाह दर्ता</td><td>२५२९</td><td>२५२९</td></tr>
<tr><td>५</td><td>अन्य</td><td>१०६५१</td><td>१०६५१</td></tr>
</table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन २०७४ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। साथै स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ।</td><td></td></tr>
</table>

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>• वजेट व्यवस्थापनतर्फ- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गरेको देखिएन स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको<br>• भ्रमण खर्च व्यवस्थापनतर्फ- भ्रमण खर्च नियमावली २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित गरेको देखिएन नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरेको देखिएन।<br>• खरिद व्यवस्थापन तर्फ- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार नगरेको सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक रुपमा मात्र गुणस्तर परीक्षण गरेको देखियो। • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन नगरेको<br>• शिक्षातर्फ - स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको । शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएन । शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट | |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन। संस्थागत विद्यालयहरूको दर्ता नविकरणशुल्क निर्धारण अनिवार्य निशुल्क छात्रवृत्ति वर्गिकरण अनुगमन र अभिलेख व्यवस्थित रहेको देखिएन।<br>• आन्तरीक आय तर्फ - पालिकाले एकिकृत सम्पति कर तथा व्यवसाय करदाताको लगत तयार गरी नियमित रुपमा कर तिर्ने र कर तिर्न बांकी रहेका करदाताको विवरण अध्यावधिक गरी कर नतिरेकावाट कर संकलन गर्नुपर्नेमा पालिकाले सोको लगत नै राखेको देखीएन।<br>• विविध तर्फ- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको. विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन। | |
| ११.२ | | | बेरुजु लगतः म. ले. प. फाराम म. ले. प. फाराम ८०१ — बेरुजु लगत म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। | |
| ११.३ | | | सूचना प्रविधी पद्दतिः सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.४ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक राखेको देखिएन। | |
| ११.५ | | | म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन। | |
| १२ | | | **कानून निर्माण तथा कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म निर्माण गरी कार्यान्वयनमा ल्याएका ऐन नियमावली कार्यविधि तथा निर्देशिकाहरुको विवरण प्राप्त भएन । निर्माण गरिएका कानूनहरु स्वीकृत भएपछि राजपत्रमा उल्लेख गरेरमात्र कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| १३ | | | **आर्थिक सहायता**<br>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था तथा व्यक्तिहरुलाई रु८०७४०००आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु २६५७५१०५ को ३० प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्डवेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| १४ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिम गरेको देखिएन। | |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.२ | | | पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम गरेको देखिएन। | |
| १४.३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण सम्वन्धी व्यवस्था गरेको छ। कार्यालय प्रमुखले नियावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्य समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराइए महालेखा परीक्षको कार्यालयवाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकावाट लेखापरीक्षणका क्रममा जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए वमोजिम लिलाम मर्मत गरेको देखिएन। | |
| १४.४ | | | पालिकाले कार्यालयको जिन्सी सामाग्री सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा अद्यावधिक गर्नुपर्ने व्यवस्थागरेको छ। तर पालिकाले वडा कार्यालयमा खरिद गरेको समान समेत पाम्समा दाखिला गरेको देखिएन । पालिकाले सरकारी सम्पती व्यवस्थापन प्रणालीमा अध्यावधिक गरी राख्नुपर्दछ। | |
| १५ | | | **अनुदान**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा प्रविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख गरेको छ। पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको २ कोठे र ४ कोठे भवन निर्माणकालागि विद्यालयहरुलाई अनुदान निकासा दिएकोमा टिप्पणीमा रंग रोकन लगायतका कार्य वाँकी रहेको उल्लेख गरेकोमा कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी सवै भुक्तानी गरीसकेको देखियो। उक्त उल्लेख भए वमोजिमको निर्माण कार्य वाँकी हुदै कार्यसम्पन्न प्रतिवेदन दिनु उचित देखिएन। उक्त निर्माण कार्यको पुन जाँच गरी काम वाँकी रहे त्रुटी सच्चयाउने अवधी भित्रै निर्माण कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ। | |
| १६ | | | **विद्यालयको अनुगमनः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय | |

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । तयारी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान पऱ्याउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु ३१००००० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>कोभिड-१९ तर्फः<br>पालिकाले कोभिड-१९ को नियन्त्रण रोकथाम तथा उपचारको लागि यो वर्ष प्रकोप व्यवस्थापन कोषबाट निम्नअनुसार रु. ८५८५५१०/- खर्च गरेको छ । कोभिड-१९ को नियन्त्रण तथा रोकथाम गर्न आइसोलेसन सेन्टर गरेकोमा कोरोना प्रभावित व्यक्ति बस्न छाडेपछि त्यसको सदुपयोग गर्ने कार्यविधि बनाएको छैन । त्यसैगरी खरिद भएका औषधि एवं उपकरणको प्रयोग सम्बन्धमा कुनै कार्यविधि नबनेकोले यसको प्रभावकारी सदुपयोग भएको भन्न सक्ने अवस्था छैन । कोभिड-१९ को विरामीको अद्यावधिक अभिलेख नरहेकोले विश्लेषण गर्न सकिएन ।
<table>
<tr><th>सि नं</th><th>खर्चको विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>आइसोलेसन सेन्टर निर्माण तथा व्वस्थापन</td><td>१२१२५००</td></tr>
<tr><td>२</td><td>आइसोलेसनमा खटिएको कर्मचारीलाई जोखिम भत्ता भुक्तानी</td><td>२८८७९८९</td></tr>
<tr><td>३</td><td>उपकरण खरिदमा भएको खर्च</td><td>५७५६६२</td></tr>
<tr><td>४</td><td>औषधि खरिद</td><td>१००५८३८</td></tr>
<tr><td>५</td><td>पिपिई माक्स ह्याण्ड सेनिटाइजर लगायत विविध खर्च</td><td>२९०३५२१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८५८५५१०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>ठेक्का सम्बन्धी गोश्वारा लगत<br>ठेक्काबाट भएको कामको अभिलेख सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकाले ठेक्का मार्फत निर्माण कार्य गराउँदा म ले प फा नं ५०६ र म ले प फा नं ५०७ वमोजिमको लगत राखेको देखिएन।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>पेश्की<br>सार्वजनिक खरिद नियमावलीको नियम ११३ मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिने तथा फछ्र्योंट व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार निर्माण व्यवसायी तथा संस्थालाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्योंट नभएकोले कानून बमोजिम फछ्र्योंट गर्नुपर्नुे रु
<table>
<tr><th>पेश्की लिएको मिति</th><th>गो. भौ. न.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम</th><th>खर्च उपशिर्षक</th><th>म्याद ननाघेको रकम</th><th>फछ्र्योंटको अन्तिम म्याद</th><th>म्याद नाघेको</th></tr>
<tr><td>ठेकेदार</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२०७९/०३/१३</td><td>९८</td><td>वडा न. ५ मा कोल्ड स्टोर निर्माण</td><td>चन्द्र सुर्य कन्स्ट्रक्सन</td><td>३११५९</td><td>०.००</td><td>२०७९/०४/१६</td><td>११५०००</td></tr>
<tr><td>२०७८/०६/१७</td><td>५५</td><td>शहरी स्वास्थ्य केन्द्र माडीबास व्यवस्थापन तथा संञ्चालन</td><td>शहरी स्वास्थ्य केन्द्र माडिवास</td><td>२५३१२</td><td>०.००</td><td>२०७८/०७/२१</td><td>४०००००</td></tr>
<tr><td>२०७८/०७/१०</td><td>४०</td><td>मातृ तथा नवशिशु कार्यक्रम</td><td>स्वास्थ्य चौकी वसाह</td><td>२२५२२</td><td>०.००</td><td>२०७८/०८/१५</td><td>१६८०००</td></tr>
<tr><td>२०७८/०९/१९</td><td>४०७</td><td>खोप पोषण कार्यक्रम</td><td>स्वास्थ्य चौकी वसाह</td><td>२११२२</td><td>०.००</td><td>२०७८/१०/२४</td><td>१२००००</td></tr>
</table></td><td>१३८३०००</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८/०९/२१</td><td>२२२</td><td>श्री सगरमाथा आ.वि. शैक्षिक सुधार कार्यक्रम</td><td>सगरमाथा आधारभुत विद्यालय भुल्के</td><td>३११५९</td><td>०.००</td><td>२०७८/१०/२६</td><td>८००००</td></tr>
<tr><td colspan="3">उपभोक्ता समिति</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२०७९/०३/०६</td><td>९१</td><td>आमसाल हात्तीसार चौदण्डीगढी नगरपालिका (झोलुङ्गेपुल क्षेत्रगत विकास कार्यक्रम)</td><td>आमसाल हात्तिसार झोलुङ्गेपुल निर्माण उ.स.</td><td>३११५१</td><td>०.००</td><td>२०७९/०४/०९</td><td>५०००००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१३८३०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
व्यक्तिगत पेश्की<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ मा पेश्की दिने र फछ्र्योट सम्बन्धी व्यवस्था गरेको छ । साथै नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्योटकोलागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतको दरले ब्याज समेत असुल गरिने व्यवस्था गरेको छ। तर निम्नअनुसारको कार्यक्रम संचालन गर्न गरेको पेश्की आर्थिक वर्षको अन्त्य सम्मपनि फछ्र्योट गरेको नदेखिएकोले नियममा भएको व्यवस्था वमोजिम फछ्र्योट हुनुपर्ने रु
<table>
<tr><th>पेश्की लिएको मिति</th><th>गो. भौ. न.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम</th><th>खर्च उपशिर्षक</th><th>फछ्र्यौटको अन्तिम म्याद</th><th>म्याद नाघेको</th></tr>
<tr><td>२०७८/१२/०३</td><td>२००</td><td>पोषण कार्यक्रम</td><td>श्रीकान्त चौधरी</td><td>२२५२२</td><td></td><td>८०००००</td></tr>
<tr><td>२०७९/०३/०६</td><td>३२५</td><td>पोषण कार्यक्रम</td><td>प्रमिला शाही</td><td>२२५२२</td><td>२०७९/०१/०८</td><td>२९९७००</td></tr>
</table>
</td><td>१३००९५०</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७९/०३/२३</td><td>४१२</td><td>ब्याक्तिगत घटना दर्ता किताब डिजिटाइजेशनका लागि परामर्श सेवा</td><td>रोशन राज खतिवडा</td><td>२२४११</td><td>२०७९/०४/०९</td><td>२०१२५०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१३००९५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
परामर्श<br>
बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष वृस्तित परियोजना सर्भेक्षणकालागि रु. २६२८४७२ परामर्शदाताबाट काम गराई खर्च गरको छ ।
<table>
<tr><td>परामर्श दाताको नाम</td><td>योजनाको नाम</td><td>स्वीकृत रकम</td><td>खर्च रकम</td></tr>
<tr><td>प्रिस्टाइन इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट सर्भिस प्रा लि</td><td>Preparation of DPR of १५ Bed Hospital</td><td>१७२९४६५</td><td>१७२९४६५</td></tr>
<tr><td>पालिका खबर मिडिया हाउन प्रालि काठमाण्डौ</td><td>५ बर्षे रिपोर्ट निर्माण तथा प्रशारण (राष्ट्रिय टेलिभिजनबाट)</td><td>४९९००८</td><td>४९९००८</td></tr>
<tr><td>आमोग कन्सल्टेन्सी ललितपुर नेपाल</td><td>Preparation of DPR of Cold store ward no ५</td><td>३९९९९९</td><td>३९९९९९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६२८४७२</td><td>२६२८४७२</td></tr>
</table>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ वमोजिम परामर्श सेवाको लागत अनुमान गर्ने सम्वन्धी व्यवस्था गरेको छ। लागत अनुमानको गर्दा लिएको आधार पेश भएन। विनियोजित बजेट बराबर नै लागत अनुमान तयारगरी खर्च गरेको देखियो। अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत देखिएन।
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>राजधारा हेगोमा सिद्धिपुर लिफ्ट सिस्टम</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राजधारा हेगोमा सिद्धिपुर लिफ्ट सिस्टम क्रमागत खानेपानी योजनाको निर्माण कार्यको लागत अनुमान रु ११४९६९६७।९६ भएकोमा निर्माण व्यवसायी सगरमाथा राउत जेभि सँग रु १०९५६९३७।२८ मा मिति २०७६।१२।१० मा २०७८।२।३१ मा सम्पन्न गर्नेगरी संझौता गरेको छ। कार्यसम्पादन जमानतको म्याद १६ जुलाई २०२२ मा नै समाप्त भईसकेको देखिन्छ। हाल सम्म रु ६५३१२४३।३५ को मात्र निर्माण कार्य सम्पन्न भएकोमा बाँकी काम अधुरो नै रहेको देखिन्छ। नगरकार्यपालिकाको मिति २०७९।३।३ को निर्णय नं ७ मा विश्वव्यापी रुपमा फैलिएको covid-१९ माहामारी कारण सम्झौतामा तोकिएको समय अवधिमा सम्पन्न हुन नसकेको कारण विशेष अनुदानको रकम खर्च हुन नसकी फिर्ता पठाएको र यस आर्थिक वर्षमा सो योजनाको बाँकी निर्माण कार्यको लागि राष्ट्रिय योजना आयोग फिर्ता पठाएको रकम पुन माग गरिएतापनि बजेट उपलब्ध हुन नसकेको कारण योजना सम्पन्न गर्न नगरपालिकामा स्रोत अभाव भएकोले हाललाई ठेक्का सम्झौता भङ्ग गरी वजेट सुनिश्चितता नभएसम्म लागि उक्त कार्य यथास्थितिमा राख्ने र योजना सम्पन्न गर्न आवश्यक पर्ने बजेट उपलब्ध गराइदिन संघ तथा प्रदेश सरकारका निकायलाई अनुरोध गर्ने निर्णय गरेको छ। तर लेखापरीक्षण अवधिसम्म पनि वांकी कार्य सम्पन्न गर्न पालिकाले स्रोत सुनिश्चित गरेको देखिएन। उक्त निर्माण कार्य सम्पन्न गरी नागरीकलाई खानेपानी उपलव्ध नहुदा हाल सम्म भएको लगानी तथा वनेको पुर्वाधार प्रयोगहीन भएको देखिन्छ। स्रोत सुनिश्चित गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कार्य सम्पादन जमानत<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। तर निम्नअनुसारको निर्माण कार्यको विमा तथा कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन। कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।
<table>
<tr><th>ठेक्का अभिलेख खाता न.</th><th>ठेक्का न.</th><th>निर्माण व्यवसायीको नाम र ठेगाना</th><th>कार्यसम्पादन जमानत रकम</th><th>म्याद सकिने मिति</th><th>कम समाप्त गर्नु पर्ने मिति</th><th>म्याद थप भएकोमा कायम भएको मिति</th><th>कार्य सम्पन्न भएको मिति</th><th>लागत अनुमान रकम</th><th>सम्झौता रकम</th></tr>
<tr><td>४</td><td>१०/०७८/०७९</td><td>चन्द्र सुर्य कन्स्ट्रक्सन त्रि.न.पा.११</td><td>१०७०३५१४</td><td>२०७९-०१-२५</td><td>२०७९-०१-२५</td><td>२०७९-०३-२२</td><td></td><td>१६६७८८२३</td><td>१०७०३५१४</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१०</td><td>१०/०७७/७८</td><td>chaudandi saakela constraction</td><td>१६००००</td><td>०१-३०-२०७९</td><td>२५/३/२०७८</td><td>२५-०३-७८</td><td>२५-०७-०७८</td><td>३१९९३४०</td><td>३१५५८७४</td></tr></table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>कोल्ड स्टोर निर्माण<br>कोल्ड स्टोर निर्माण यस निर्माण कार्यको लागत अनुमान रु १६६३३७६६।१८ रहेकोमा न्यूनतम कबोलवाला चन्द्रसूर्य कन्ट्रकसनसँग रु १०७०३५१३।८३ मा मिति २०७९।३।१५ निर्माण कार्य सम्पन्न गर्नेगरी मिति २०७८।१०।२५ मा संझौता गरेको छ। यस आर्थिक वर्षमा संघिय सरकारको विशेष अनुदान रु १ करोड २५ लाख रकम विनियोजन भएकोमा निर्माण व्यवसायीलाई रु १८९०००० पेश्की दिई हालसम्म प्रथम रनिङ विलवाट रु १९५८२८२ को मात्र कार्य गरेकोमा १७७५००० पेश्की फछ्र्योट गरी रु ११५००० पेश्की वाँकी रहेको देखिन्छ। अग्रिम पेश्की जमानतको म्याद मिति २०७९।२।३१ मा नै समाप्त भईसकेको छ। सोही आर्थिक वर्षमा सम्पन्न गरी सक्नुपर्ने कार्य सम्पन्न नहुदां सो अधुरो कार्य पुरागर्न स्रोत सुनिश्चित गरेको देखिएन। उक्त निर्माण कार्यकोलागि आवश्यक पर्ने स्रोत सुनिश्चित गरी अधुरो निर्माण कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>मु.अ.कर समायोजन<br>मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै बस्तु वा सेवाको आपुर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गनुपर्ने व्यवस्था छ । तोकिएको अबधिमा आपूर्तिकर्ताले मुल्य अभिबृद्धि कर तथा कर विवरण दाखिला गरी करदाता active रहनुपर्नेमा IRD portal गइ PAN search गर्दा करदाता देहाय बमोजिम नन फाइलर देखिएको छ । नन फाइलर करदातालाई मुल्य अभिबृद्धि कर भुक्तानी दिदा राजश्व खातामा दाखिला नहुने हुँदा मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु.<table><tr><th>गौ.भौ.न.-मिति</th><th>आपूर्त</th><th>पान नं.</th><th>कर विजक नं.मिति</th><th>मु.अ.कर</th></tr><tr><td>४३-२०७८।०६।१४</td><td>खिमहाङ्ग कन्स्ट्रक्सन</td><td>६०९५५७३५</td><td>०१—२०७८।३।२४</td><td>५३०२७</td></tr></table></td><td>३१३६१६</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३२५-२०७८।११।०७</td><td>चौदण्डी साकेला कन्स्ट्रक्सन प्रा.लि.</td><td>६०६८११०१९</td><td>०११—२०७८।१०।१७</td><td>११७२६७</td></tr>
<tr><td>१९३-२०७९।०३।०७</td><td>आर्यन ट्रेड सेन्टर</td><td>६१७३५५४७४</td><td>१७—२०७९।२।१८</td><td>१८८५०</td></tr>
<tr><td>३९२-२०७९।०३।२१</td><td>दिसी कन्स्ट्रक्सन</td><td>६०९५८४५४३</td><td>००१—२०७९।३।२१</td><td>१२४४७२</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>जम्मा</td><td>३१३६१६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>भेरिएसन<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरियसन आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ । साथै उपदफा २ मा पच्चिस प्रतिशतभन्दा माथिको भेरियसन आदेश गर्दा विशेषज्ञको समूह गठन गरी सो समूहमार्फत आवश्यक जाँच गराई प्राप्त सिफारिस सहित भेरियसन आदेश गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले पालिकाभवन घेरावारा तथा व्यवस्थापन कार्यको सुरु लागत अनुमान रु ३४१६५६०।२७ रहेकोमा भेरिएसन पछि लागत अनुमान रु ४४३७३१६।२७ रहेको देखियो। त्यस्तै उक्त निर्माण कार्यको निर्माण व्यवसायी चौदण्डी निर्माण कम्पनी प्रालिसंग रु १६९९०९४ मा मिति २०७८।८।३० मा कार्य सम्पन्न गर्नेगरी संझौता गरेको छ। पालिकाले उक्त निर्माण कार्यको संझौता अंकको ३९.२३ प्रतिशत भेरिएसन पछिको संझौता रकम रु २३६८४२४ कायम गरेको देखिन्छ। भेरिएसन हुनुको कारण डिजाईनमा परिवर्तन गरेको उल्लेख गरेको छ। जसमा soling and masonry work तथा truss work जनाएको छ। विशेषज्ञको समुह द्वारा जाँच गराएर मात्र भेरिएसन आदेश गर्नुपर्नेमा सो नगरी भेरिएसन गरेको देखियो। भेरिएसन आदेश गर्दा खरिद कानुन वमोजिमको प्रकृया पुरा गरेरमात्र गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>तलवी प्रतिवेदन<br>निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकारसञ्चालन ऐन २०७४ शिक्षा ऐन २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु ३०२७७९९४</td><td></td></tr>
</table>

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्र पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| २९ | | | **पदाधिकारी सुविधा**<br>प्रदेश न १ को गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ मा स्थानीय पदाधीकारी सदस्य र सभाका सदस्यहरुले अनुसुचि १ मा उल्लेख भए बमोजिमको सुविधालाइ अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरे बमोजिमको सुविधा पाउने उल्लेख छ । जस अनुसार पालिकाले स्थानीय पदाधिकारी तथा सदस्यहरुलाइ अनुसुची १ मा उल्लेभए बमोजिम यस वर्ष रु ९७५२०६४। खर्च लेखेको छ । | |
| ३० | ४३४ | २०७८-९-२२ | **उपचार खर्च**<br>गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धमा पालिकाका पदाधिकारीहरुलाई औषधि उपचार खर्च बारे कुनै पनि व्यवस्था रहेको छैन । नगरपालिकाले देहायका पदाधिकारीहरु लाई औषधी उपचार बापत रु.४९२५०० भुक्तानी भएको देखियो । कानुनमा व्यवस्था नभएको शीर्षकमा भएको खर्च सार्वजनिक लाभको पदमा रहेको अवस्थामा लिएको आर्थिक सहायता असुल हुनु पर्ने रु | ४९२५०० |

| गोश्वरा भौचर | नाम पद | कर वाहेक रकम |
|---|---|---|
| ४३४/०७८/९/२२ | का.पा.सदस्य जानुका कमर | १७७३०० |
| | वडा अध्यक्ष तेजराज तिम्सिना(वडा नं७) | ८८६५० |
| | वडा अध्यक्ष कमल ध्वज राई(वडा नं६) | ५९१०० |
| | वडा अध्यक्ष प्रकास राउत(वडा नं ९) | १६७४५० |
| जम्मा | | ४९२५०० |

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>कानुनी सल्लाकार<br>स्थानीय सरकार संचालन ऐन २०७४ तथा गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५मा कानुनी सल्लाहकार नियुक्ति सम्बन्धमा व्यवस्था गरेको छैन ।नगरपालिकाले कानुनी सल्लाहकार श्री राजकुमार कुमार तिम्सिना लाई मिति २०७८/४/१ देखि ०७८/२/१५सम्म र श्री टेक वहादुर राउत लाई मिति २०७९/२/२० देखि असार मसान्त सम्म मासिक रु. ३७९९० पारिश्रमिक दिने गरी सम्भौता भएकोमा कानूनमा व्यवस्था नभएको सल्लाहकार नियुक्त गरी नगरपालिकालाई थप आर्थिक व्ययभार पर्ने गरि खर्च लेखेको नियमसंगत नदेखिएको रु.</td><td>४४५७४९</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>अनुगमन भत्ता :<br>गाउँ तथा नगर सभामा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसुची १(ख) मा नगरपालिका मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरि पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको पदाधिकारीहरुको अनुगमन भत्ता भुक्तानी गर्दा अनुगमन प्रतिवेदन पेश नगरी अनुगमन भत्ता भुक्तानी दिएको हुदाँ प्रतिवेदन पेश हुनुपर्ने रु<br><table>
<tr><td>पद</td><td>अनुगमन भत्ता</td></tr>
<tr><td>प्रमुख</td><td>१२१०००</td></tr>
<tr><td>उपप्रमुख</td><td>१२१०००</td></tr>
<tr><td>वडा अध्यक्ष</td><td>४९५०००</td></tr>
<tr><td>का.पा.सदस्य</td><td>१३२०००</td></tr>
<tr><td>जम्मा</td><td>८६९०००</td></tr>
</table></td><td>८६९०००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>बैठक भत्ता<br>पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रु २१९४४५० खर्च गरेको छ।पालिकाले हरेक क्रियाकलाप कार्यक्रम दिवस खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको छ ।बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या</td><td></td></tr>
</table>

| क.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छ।बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेकोविभिन्न समिति शाखा कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।तसर्थ पालिकाले बैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालनतथा सार्वजनिकखर्च मितव्ययी बनाउँनु पर्दछ । | |
| ३४ | | | **सिप विकास तथा रोजगारमुलक तालिम**<br>हरेक बर्ष लक्षित वर्गको लागि सीपमूलक तथा रोजगारीमूलक तालिमहरू संचालन हुने गरेकोमा हाल सम्म के कति जनाले कुन प्रकारका तालिम लिए तालिमको उदेश्य अनुसार स्वरोजगार वा रोजगारी श्रृजना भएका छन कि छैनन तालिम लिएका लाभग्राहीको सीप तथा क्षमता विकास भएर जीवन स्तरमा सुधार भै समुदायमा सकारात्मक परिवर्तन भएको छ की छैन भनी नगरपालिकाले अनुगमन गरी तालिममा भएको लागत खर्च र उपलब्धीको विश्लेषण गरी तालिम लिइ सकेका र लिनु पर्ने लक्षित बर्गको कुनै अभिलेख राखेको देखिएन । नगरपालिकाले श्रोत र साधन तथा लक्षित वर्गको लागि आवश्यकता भएको तालिमको पहिचान गरी तालिम कार्यक्रम राखेको देखिएन । नगरपालिकाले गत विगत बर्ष देखि एकै प्रकारका तालिमहरू एकै प्रकारका तालिम दाताहरूवाट संचालन गरी रहेकाले तालिमका सहभागिहरू एकै प्रकारको तालिममा दोहोरिएका वा एकै व्यक्तिले धेरै प्रकारका तालिममा सहभागीता जनाएका छन प्रष्ट हुने अभिलेख नदेखिएकोले कार्यक्रमवाट अपेक्षा अनुरूप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । | |
| ३५ | | | **खेलकुद**<br>उप मेयर राष्टिय महिला लिग प्रतियोगिता नियमावली २०७७ को नियम ६ को(४) मा महिला लिग फुटवलमा सहभागि टिमहरुले यस प्रतियोगितामा वढिमा चार जना सम्म विदेशि खेलाडीहरु टिममा दर्ता गराई खेलाउन पाउनेविदेशी खेलाडी दर्ता गर्दा खेलाडी सँग कम्तिमा एक महिनाको करार सम्झौता भएको हुनुपर्ने व्यवस्था रहेकोमा पालिकाले गौ.भौ.नं १६/०७८/६/१४ वाट अखिल नेपाल फुटवल संघको आयोजनामा २०७७ माघ ७ गते देखि फागुन ७ गते सम्म काठमान्डौंमा सम्पन्न उपमेयर राष्टिय महिला लिगमा पालिकाको महिला फुटवल टिम सहभागिता गर्दा ४ जना विदेशी खेलाडीहरु लाई सहभागी गराई सम्झौता करार वेगर १५ दिनको खेलाडीहरुलाई पारिश्रमिक रु ३२०००० भुक्तानी गरेको देखियो । नियमावलीमा व्यवस्था भए वमोजिम विपरीत भुक्तानी भएको रकम नियम संगत नदेखिएको रु | ३२०००० |
| ३६ | | | **भ्रमण खर्च** | |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु २७४८९९० भुक्तानी गरेको छ। अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएको छैन भ्रमण अभिलेख तथा प्रतिवेदन नराखि खर्च गर्ने गरेको स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको छ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानीको प्रयोजन स्पष्ट हुने गरी खर्च गर्नु पर्दछ। | |
| ३७ | | | **ईन्धन खर्चको मापदण्ड**<br>प्रदेश नं.१ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका २०७५ मा सवारी साधनको किसिम इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष इन्धन खर्चमा कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रु ७०५३५७० खर्च गरेको छ। त्यस मध्ये पालिकाको ठुला सवारी साधन तर्फ वार्षिक रु ३६९०५२० र साना सवारी साधन तर्फ वार्षिक रु २०८०५०० गरी जम्मा रु ५७७१०२० इन्धनमा खर्च गरेको देखिन्छ। वांकी रु १२८२५५० रुपया वरावरको इन्धन अतिथि लगाएत अन्य निकाय लाई वितरण गरेको इन्धन खर्चको यकिन गर्न सकिएन। पदाधिकारी तथा कर्मचारी लाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन। इन्धन खर्च लाइ मितव्ययी वनाउन इन्धन खर्चको मापदण्ड वनाउने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ। | |
| ३८ | | | **मर्मत खर्च**<br>सार्वजनिक खरिद नियमावली २०६४ नियम १३(५) मा सार्वजनिक निकायले कुने मालसमान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यससम्वन्धि विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीवाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्तिफर्मकम्पनी वा संथावाट लागत अनुमान गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मर्मतमा रु २८५७६८४ खर्च गरेकोमा नियमावलिमा व्यवस्था भए वमोजिम दक्ष विशेषज्ञ वाट लागत अनुमान तयार नगरी खर्च गपरेको पाइयो। अतः नियमावलीमा भएको व्यवस्था पालनागरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ। | |
| ३९ | | | **आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोरा** | |

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९.१</td><td></td><td></td><td>स्थानिय सरकार संञ्चालन ऐन २०७४को दफा ७७(२)मा स्थानिय तहले कानुन बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै ७७(३) मा आन्तरिक ले.प.ले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम ले.प. हुनु भन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले आन्तरिक लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरुजु सम्वन्धमा कारवाही अगाडी बढाएको देखिएन। आन्तरिक लेखा परीक्षण ले औल्याएका व्यहोरा निम्न वमोजिम छन्
<table>
<tr><th>गौ भौ नं/मिति</th><th>विविरण</th><th>रकम</th></tr>
<tr><td>१६/०७८/६/१४</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्टयाई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर कोटेशनको सूचना कर चुक्ता प्रमाण पत्र व्यवसाय दर्ता प्रमाण पत्रकम्पनी दर्ता प्रमाण पत्र कार्यदेश comparative chat साथै खेल सामग्री वितरणको भरपाई पेश गर्नु पर्ने रु</td><td>४८२०००</td></tr>
<tr><td>४९/०७८/६/१६</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्टाई गरेर मात्र खर्च लेख्नु पर्दछ तर श्रृजना एग्रोभेटबाट ५३ थान सिल्पोलिन टनेल वितरणको भरपाई पेश गर्नु पर्ने रु</td><td>३९९५००</td></tr>
<tr><td>५१/०७८/६/१७</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्टाई गरेर मात्र खर्च लेख्नु पर्दछ तर power tiller २०hp.model.df २०=५ set वितरणको भरपाई पेश गर्नु पर्ने रु</td><td>४८७५००</td></tr>
<tr><td>८४५/०७८/१२/१३</td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३७ अनुसार कार्यलयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्टयाई संलग्न गरेर मात्रखर्च लेख्नुपदर्छ तर बजेटको वर्गिकरण र व्यखया २०७४ को सकेत नम्बर २२३१९ खर्च शिर्षकबाट आलुको विऊ ढुवानी वापत रु.१३२२१०।— खर्च लेखिएको साथै मुचुलकाको आधारमा पिडित छतिपुर्ति पाउने लाभग्राहीले १६ बोरा आलु बराबरको रकम रु.४८०००।— पाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनु पर्ने रु</td><td>४८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४१७०००</td></tr>
</table>
</td><td>१४१७०००</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३९.२</td><td></td><td></td><td>
<table>
<tr><td>गौ भौ नं/मिति</td><td>विविरण</td><td>रकम</td></tr>
<tr><td>१२/०७८/६/४</td><td>अनुगमन भक्ता वापत प्र.प्र.अ. ध्रुवराज आचार्यले बुझिलिएको भरपाइ प्रमाण पेश नभएकोले सम्बन्धित बुझाउने व्यक्तिबाट असुल उपर गर्नुपर्ने रु</td><td>८५०</td></tr>
<tr><td>३८/०७८/६/१६</td><td>गेलाल सप्लायर्स कोटेशनमा पेश गरेको रेट hdpe pipe ७५mm dia ६np रु २८० र hdp pipe ५०mm dia ६np को २८५ पेश भएको तर विलमा उक्त सामानको क्रमश रु. २९० र २९० भएकाले बढी रकम रु.४४३४ असुल गनुपर्ने ।</td><td>४४३४</td></tr>
<tr><td>८०२/०७८/१२/१९</td><td>रियासा इन्टरप्राजेको खर्च बिल रकम रु. ३५१२६.५।— भएको तर भुक्तानी रु.४४०३८ भएकाले बढी रकम रु. ८९११ सम्बन्धितबाट असुल हुनुपर्ने ।</td><td>८९११</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४१९५</td></tr>
</table>
</td><td>१४१९५</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सुचना प्रकाशन<br>पालिकाले विभिन्न मिडियाहरुमा सूचनाप्रकाशन तथा प्रसारण वापत रु २०००००० खर्च गरेको छ। आर्थिक वर्षको सुरुआतमा नै दररेट माग गरी प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था गर्नुपर्दछ । नगरपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्यविभिन्न फर्महरु मार्फतभुक्तानी गरेकोमा मिडिया फर्महरु बीचकुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन ।सूचना प्रकाशन गर्दा मिडियाहरुबीच पतिस्पर्धा गराई न्यून कवोल गर्नेमिडिया फर्मसँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ</td><td></td></tr>
<tr><td>४१.१</td><td></td><td></td><td>परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया भत्ताको दर प्राप्त हुने बैङ्क र</td><td></td></tr>
</table>

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था गैरसरकारी संस्था सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।<br><br>**सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।<br><br>**अनुगमनः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। | |
| ४१.२ | | | **एउटै बैक खातामा निकासाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को परच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था गरेको छ । पालिकाले देहायको लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा एक भन्दा वढी लाभग्राहीको भत्ता एउटै बैक खातामा जम्मा भएको देखिएको छ । यसरी एउटै खातामा एक भन्दा बढी लाभग्राहीको रकम जम्मा हुँदा अर्को लाभग्राहीको खातामा रकम जम्मा नहुने तथा रकम दोहोरो पर्ने भएकोले यस सम्बन्धमा पालिकाले एकिन गर्नुपपर्ने रु | ३०८५६ |

| क्र.सं. | लाभग्राहीको नाम | वडा नं. | बैक खाता नं | किस्ता | रकम |
|---|---|---|---|---|---|

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | Himsika Nepali | ७ | ११०४८०५०९८२२१०१० | तेस्रो त्रैमासिक | १५९६ |
| २ | Riyasa B.K | ७ | | | १५९६ |
| ३ | Badri Sada | ९ | ११०४८०५०९८५९००१० | तेस्रो त्रैमासिक | ४२५६ |
| ४ | Sonabati Tharuni | ९ | | | ४२५६ |
| ५ | Rejina Sadha | २ | २६१८१७७४१० | तेस्रो त्रैमासिक | १५९६ |
| ६ | Sargam Sarki | २ | | | १५९६ |
| ७ | Dippasana B.K | २ | २६१८१७७६१० | तेस्रो त्रैमासिक | १५९६ |
| ८ | Sabitra Pariyar | २ | | | १५९६ |
| ९ | Enjal Sada | २ | २६१८८८९८७१ | तेस्रो त्रैमासिक | १५९६ |
| १० | Yastar Bishwokarma | २ | | | १५९६ |
| ११ | Rohit Pariyar | २ | २६१९५६९७७६ | तेस्रो त्रैमासिक | १५९६ |
| १२ | Yasika Sada | २ | | | १५९६ |
| १३ | Saina B.K | २ | २६१९५६९८२१ | तेस्रो त्रैमासिक | १५९६ |
| १४ | Una Bishokarma | २ | | | १५९६ |
| १५ | Chhitij Bishwokarma | २ | २६२०२७२९८० | तेस्रो त्रैमासिक | १५९६ |
| १६ | Laxman Bishwokarma | २ | | | १५९६ |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ३०८५६ | |
| ४२ | ३६२ | २०७८-११-१८ | **नापजाँच**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माणकार्य गराउँदा वा सोसम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने भएमा तोकिएको प्रकृया वमोजिम उपभोक्ता समितिवाट कार्य गराउन सकिने व्यवस्था गरेको छ। पालिकाले विपद् व्यवस्थापनकालागि आवश्यक पर्ने ३*१*१ को रु ३६२७।५१ का दरले रु २२७७१३४ को ६९४ थान तारजालि खरिद गर्दा उपभोक्ता समितिवाट खरिद गरेको तथा उक्त तारजाली प्रयोग गरेको स्थान परिमाण लगायतका विवरण खुलाएर नापजाँच प्रमाणीत गरि राख्नुपर्नेमा सो गरेको नदेखिएकोले नापजाँच गरेको प्रमाण पेश हुनुपर्ने रु | २२७७१३४ |
| ४३ | | | **राजस्व** | |
| ४३.१ | | | **अमानतवाट असुली**<br>ढुंगा गिटी बालुवा उत्खनन तथा बिक्री व्यवस्थापनसम्बन्धी मानदण्ड २०७६ को बुँदा नम्बर ४ मा नगरपालिकाले नदीजन्य पदार्थको संकलन उत्खनन र बिक्री गर्दा स्वीकृत दरमा संकलन उत्खननको अनुमति र बिक्रीको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने व्यवस्था छ। पालिकाले यसवर्ष अमानत बाट ढुङ्गा गिटी बालुवा उत्खनन तथा बिक्री शुल्क बापत् कार्यालयको जनशक्ति तथा बाह्य जनशक्ति खटाई विभिन्न नाकाबाट मुल्य अभिवृद्धि कर समेत रु २२५६४३२ आय असुली गरेको छ। उक्त मापदण्डमा अमानतवाट आय असुल गर्न मिल्ने व्यवस्था गरेको देखिएन। मापदण्डको व्यवस्था विपरीत आय असुली गरेको देखियो। यस सम्वन्धमा देखिएका अन्य विषय निम्न अनुसार छन्।<br>निम्नअनुसारका व्याक्तिलाई दिएको रसिदवाट संकलन गरेको रकम निम्न अनुसारको घटि दाखिला गरेको देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था गरेको छ। पालिकाले उल्लेखित प्रावधान वमोजिम राजस्व दाखिला गराई | १७४४६९ |

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
राजस्व दाखिला नगर्नेलाई जिम्मेवार वनाएको देखिएन । निम्नअनुसारको रकम असुल र दाखिला समयको आधारमा जरिवाना समेत यकिन गरी असुल गर्नुपर्ने रु
<table>
<tr><td>जिम्मेवार व्याक्ति</td><td>राजस्व असुली</td><td>बैंक दाखिला</td><td>घटि दाखिला</td><td>व्याज १० %</td><td>जम्मा</td></tr>
<tr><td>मदन श्रेष्ठ</td><td>३०७६०</td><td>३००००</td><td>७६०</td><td>७६</td><td>८३६</td></tr>
<tr><td>भिम प्रसाद दहाल</td><td>२९००३०</td><td>२७३८००</td><td>१६२३०</td><td>१६२३</td><td>१७८५३</td></tr>
<tr><td>खगेन्द्र चौलागाई</td><td>१५५५००</td><td>५७०००</td><td>९८५००</td><td>९८५०</td><td>१०८३५०</td></tr>
<tr><td>विक्रम रोका</td><td>१००१८२५</td><td>९६९२१७</td><td>३२६०८</td><td>३२६१</td><td>३५८६९</td></tr>
<tr><td>निरन्जन चौधरी</td><td></td><td></td><td>९५०</td><td>९५</td><td>१०४५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१४९०४८</td><td>१४९०५</td><td>१६३९५३</td></tr>
</table>
साथै विक्रम रोकाले लगेको रसिदवाट अमानत वाट वालुवाको २.५ घन मिटरको रु ४७५ का दरले असुल गर्नुपर्नेमा रु ४१५ र ४१७ का दरले मात्र असुल गरेको देखिएकोले निम्न अनुसमरको रसिदवाट निम्नानुसारको रकम घटी असुल गरेको देखिएकोले सो समेत असुल गरी दाखिला गर्नुपर्ने रु १०५१६
<table>
<tr><td>रसिद नं</td><td>असुल नगरेको रकम</td></tr>
<tr><td>२००३ देखि २०११</td><td>५४०</td></tr>
<tr><td>२०९७ देखि २१००</td><td>२३२</td></tr>
<tr><td>२६०१</td><td>५८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>२६१४ देखि २६२४</td><td>५८०</td></tr>
<tr><td>२६७० देखि २०७८</td><td>४६४</td></tr>
<tr><td>२६८० देखि २६८२</td><td>१७४</td></tr>
<tr><td>२६९७ देखि २७००</td><td>२३२</td></tr>
<tr><td>३११५ देखि ३२६१</td><td>८२३६</td></tr>
<tr><td>जम्मा</td><td>१०५१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>आय ठेक्का आई. ई. ई. प्रतिवेदन पालिकाले आफ्नो क्षेत्रभित्रका खोलाहरुवाट ढुंगा गिट्टी उत्खनन् गर्ने प्रयोजनकोलागि पाँचवटा प्याकेज वनाई आई.ई.ई. प्रतिवेदन तयार गरेको देखियो। प्रतिवेदन अनुसार उत्खनन् योग्य परिमाण वालुवा २०६३३१.८९ घन मिटर गिट्टि १५७०३४.२१ घन मिटर र ढुंगा ३८३८०.६३ घन मिटर उल्लेख गरेकोमा ठेक्का नलगाई स्थानिय उपभोगकोलागि निकाल्न मिल्ने परिमाण वालुवा १२७५.६० घन मिटर गिट्टि १७१८१.९५ र घन मिटर र ढुंगा १५३६८.७३ घन मिटर र ठक्का लाग्ने परिमाण वालुवा २०५०५६.२९ घन मिटर गिट्टि १३९८५२.२६ र घन मिटर र ढुंगा २३०११.९० जनाएको छ। प्रदेश सरकारले निर्धारण गरेको दर वालुवाको प्रति घन मिटर रु १६७।७२ र गिट्टि तथा ढुंगा २११.८६ का दरको आधारमा कुलअनुमानित आय रु ७६००६५७२ स्थानिय उपभोगको परिमाणको रु ७११०१३० र ठेक्कावाट हुने न्युनतम आय रु ६८८९६४४१ रहेको छ। पालिकाले सुचना प्रकासन गर्दा रु ६१९२८९७८ को मात्र ठेक्का वन्दोवस्त गरेको छ। जसमा ठेक्कावाट रु १७५०००१६ र अमानतवाट रु २२५६४३२ गरी जम्मा रु १९७५६४४८ मात्र राजस्व संकलन भएको छ। स्थानिय उपभोगको लागि के क कति परिमाण उत्खनन् भएको हो पालिकावाट सोको विवरण तयार गरेको छैन। प्रतिवेदनमा उल्लेख गरेको भन्दा रु १४०७७५९४ घटीको सुचना निकालेको देखियो । यस सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन्<table>
<tr><td rowspan="2">खोलाको क्षेत्र</td><td colspan="3">ठेक्का लाग्ने परिमाण</td><td colspan="3">स्थानिय उपभोगको परिमाण</td><td colspan="3">कुल परीमाण</td></tr>
<tr><td>वालुवा परीमाण</td><td>गिट्टी परिमाण</td><td>ढुंगा परिमाण</td><td>वालुवा परीमाण</td><td>गिट्टी परिमाण</td><td>ढुंगा परिमाण</td><td>वालुवा परीमाण</td><td>गिट्टी परिमाण</td><td>ढुंगा परिमाण</td></tr>
</table></td><td>१९९९९९८५</td></tr>
</table>

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अप्राह खोला वाड नं ८ र द्वार खोला वाड नं ५ ६ ७ र ८ | ८१०९ | ६१७९१ | ३९६४ | ० | ३३४२ | २२२८ | ८१०९ | ६५१३४ | ६१९२ |
| चप्लेटी माडीवास खोला वाड नं १ र २ लामा खोला वडा नं २ र ४ अपर काली खोला वडा नं ३ र काली खोला १ वडा नं ३ | २४७७ | ५०९१८ | १०८५९ | ० | ६९८८ | ९०९० | २४७७ | ५७९०६ | १९९४९ |
| त्रियुगा नदी १ वडा नं १० देवधार त्रियुगा दोभान वडा नं १० ज्यामिरे खोला वडा नं ९ सिम्ले खोला वडा नं ८ हँडिया खोला वडा नं ९ र धारापानी खोला वडा नं ८ | ५५८८६ | १०६२३ | ६१३७ | ५८८ | ३३३४ | ३८१७ | ५६४७४ | १३९५७ | ९९५४ |
| त्रियुगा नदी ३ वडा नं ९ त्रियुगा नदी ४ वडा नं ५ र ६ त्रियुगा नदी ५ वडा नं ४ र ५ | ८०६२१ | ० | ० | ० | ० | ० | ८०६२१ | ० | ० |
| शिवाई खोला लाटी खोला भरौली खोला सुखा सुन्दरी खोला करम्जे खोला खैराहा खोला घोर्मोहना खोला र बडेरुवा खोला | ५७९६३ | १६५१९ | २०५२ | ६८८ | ३५१८ | २३४ | ५८६५० | २००३७ | २२८६ |
| जम्मा परिमाण | २०५०५६ | १३९८५२ | २३०१२ | १२७६ | १७१८२ | १५३६९ | २०६३३२ | १५७०३४ | ३८३८१ |
| न्यूनतम दर प्रति घ मि | १६८ | २१२ | २१२ | १६८ | २१२ | २१२ | १६८ | २१२ | २१२ |
| जम्मा अनुमानित राजस्व | ३४३९२०४१ | २९६२९१०० | ४८७५३०१ | २१३९४४ | ३६४०१६८ | ३२५६०१९ | ३४६०५९८५ | ३३२६९२६८ | ८१३१३२० |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले नदीजन्य पदार्थ ग्राभेल ढुंगा तथा वालुवाको उत्खनन् संकलन गरी बिक्री कर उठाउन वालुवाको न्यूनतम बिक्रि मूल्य रु ३५०३४२०० मुल्यअभिवृद्धि कर वाहेक र ग्राभेल तथा ढुगाको न्यूनतम बिक्रि मूल्य रु २६८९४७७८ मुल्यअभिवृद्धि कर कायम गरी मिति २०७८।६।५ मा प्रथम पटक सुचना प्रकाशन गरेकोमा वालुवाकोलागि आवेदन पर्न नआएकोले पुन मिति २०७८।७।३० मा दोस्रो पटक सुचना प्रकाशन गरेकोमा कुनैपनी आवेदन पर्न नआएको कारणले अमानतवाट बालुवाको संकलन तथा बिक्री शुल्क उठाएको जनाएको छ। ढुंगा तथा ग्राभेल तर्फ ३ वटा फर्मले आवेदन दिएकोमा सवैभन्दा बढि कवोल रु ४२३७५००१।१३ गर्ने इन्द्रेणी सगरमाथा जेभिसंग मुल्य अभिवृद्धि कर वाहेकको ४० प्रतिशत रकम प्रथम किस्ता वापतको रु १५०००००१ रकम विभाज्य कोषमा दाखिला गरी र वांकी २२५००००० को बैंक ग्यारेन्टी संलग्न गरी मिति २०७८।८।२९ मा मिति २०७८।८।२९ देखि २०७९।२।३१ सम्म उत्खनन् तथा संकलन गर्न संझौता गरेको छ। तर पालिकाले संझौता गर्दाको अवस्थामा मुल्यअभिवृद्धि कर समेत संकलन तथा दाखिला गरेरमात्र संझौता गर्नुपर्नेमा सो गरेको देखिएन। साथै मुल्य अभिवृद्धि कर खाम्ने गरी कार्यसम्पादन जमानत लिएको समेत देखिएन। उक्त जेभिले रु ३७५००००१ र मुल्य अभिवृद्धि करको रकम रु ४८७५०००।१३ गरी जम्मा रु ४२३७५००१।१३ मध्ये रु १७५०००१६ मात्र जम्मा गरेकोमा दोस्रो तेस्रो किस्ता र मुल्य अभिवृद्धि कर वापतको रकम रु २४८७४९८५।१३ जेभिले भुक्तानी गर्न बाँकी रहेको देखियो।<br>• उक्त जेभिवाट असुल गरी विभाज्य कोष खातामा दाखिला गरी प्रदेश सरकार र स्थानिय तह वीच बाँडफाँड गर्नुपर्ने देखिएको रु १९९९९९८५<br>• ढुंगा गिटी वालुवा उत्खनन विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ७ अनुसार उत्खनन तथा संकलनको परिमाण नियन्त्रण गर्नको लागि संकलन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरेको नाप जाँत तथा रेखाङ्कनका आधारमा उत्खननमा संकलन क्षेत्र निर्धारण गरी लाईन लेवल समेत दिनुपर्ने उक्त क्षेत्रको नियमित अनुगमन गर्नुपर्ने निर्धारित परिमाण उत्खनन भएको पाईएमा उत्खनन तथा संकलन कार्य बन्द गराउनुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले संकलन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरेको नाप जाँत तथा रेखाङ्कन का आधारमा लाईन लेवल दिएको देखिएन। साथै पालिकाले नियमित अनुगमन गरि उत्खनन् तथा संकलन गरेको परिमाण आवधिक रुपमा नापजाँच गरी यकिन गर्दै जानुपर्नेमा एकै पटक मिति २०७९।२।२६ मा अन्त्यमा मात्र नापजाँच गरी प्रतिवेदन गरेको देखियो। जसले गर्दा पालिकाले उत्खनन् तथा संकलन गरेको परिमाण नियन्त्रण गरी प्राकृतिक स्रोत साधनको दोहन रोक्ने प्रयास गरेको देखिएन। स्थलगत नापजाँच विवरण तथा अनुगमन प्रतिवेदन अनुसार स्थलगत नापजाँच तथा नगदि रसिदमा | |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेखित परीमाणमा ठुलो अन्तर आएको जनाएको छ। साथै संझौता आई.ई.ई. प्रतिवेदनमा उल्लेख गरेको परिमाण भन्दा वढि तथा आवश्यक्ता भन्दा वढि उत्खनन् गरेको उल्लेख गरेको छ।<br>• ढुंगा गिट्टी वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को वुदा नं ७ अनुसार सम्वन्धित गाउँपालिका वा नगरपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था सम्वन्धित गाउँपालिका वा नगरपालिकाले मिलाउनुपर्ने व्यवस्था गरेको छ। ठेकेदार कम्पनीले आर्थिक वर्षको अन्त्यमा वाड नं ६ को ३ स्थानमा ५२ हजार घनमिटर ढुंगा तथा गिट्टी भण्डारण (घाटगद्दि) गरी राखेको उल्लेख गरेकोमा पालिकाले तोकिए वमोजिम लिलाम विक्री गरेको देखिएन । | |
| ४३.३ | | | आय ठेक्का लगाउँदा मुल्य अभिवृद्धिकर ऐन २०५२ दफा १५(३) अनुसार असूल गरी दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त जेभिवाट मुल्य अभिवृद्धि कर वापतको रकम असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु ४८७५०००।१३ | ४८७५०००.१३ |
| ४३.४ | | | नदिजन्य पदार्थको उत्खनन् कार्यको लागि गरेको संझौता अनुसार न्यूनतम बिक्रि मूल्य रु ३७५००००१ को १.५ प्रतिशत रकम अग्रिम आयकर वापत आन्तरीक राजस्व कार्यालयमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। तर ठकेदार ईन्द्रेणी सगरमाथा जेभिवाट उक्त रकम जम्मा गराएको नदेखिएको रु | ५६२५०० |
| ४४ | | | **कर तथा शुल्क असुली**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति करभबन निर्माण अनुमति दस्तुर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ । | |
| ४५ | | | **नगदी रसिद**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ को उपनियम ६ मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनुपर्ने | |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेख छ । पालिकाले नयाँ म.ले.प. फारमहरु तयार नै नगर्ने गरी साग्रीला सफ्टवयेरबाट राजस्वको रसिद काट्ने गरेको तथा प्राप्त हुने सबै राजस्वको नगदी रसिद काट्ने गरेको देखिएन । सफ्टवयेरको मासिक शीर्षकगत जोडजम्मा र मासिक संपक्षिप्त प्रतिवेदनको जोड समेत आपसमा भिडान हुने नदेखिएकोले उक्त प्रणालीले प्राप्त सबै राजस्व सही र यथार्थ देखाएको छ भन्ने सम्बन्धमा एकिन गर्न सकिने कुनै आधारहरु रहेको देखिन्दैन । विद्युतीय माध्यमबाट राजस्वको रसिद काट्दा तोकिएको म.ले.प.फारमहरुको ढाँचा लेखा राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । | |
| ४६ | २१४ | २०७८-१२-११ | **उद्यम विकास तर्फ**<br>गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम संचलान निर्देशिका २०७७ को परिच्छेद-४ को दफा २८(९) अनुसार उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्ने सक्ने तथा दफा ४१ (२)मा उद्योगको प्रकृति आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने उपलव्ध गराइएको प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंमले व्यहोर्नुपर्ने उल्लेख छ । यस वर्ष प्रविधि हस्तान्तर अन्तर्गत पालिकाले उद्यमी समूहहरुलाई रु. १३५९०८।— वरावरको प्रविधि हस्तान्तरण गरेकोमा मिति २०७८।१२।२९ को नगर कार्यपालिकाको निर्णयले निर्देशिकामा तोकिएको उद्यमीले व्यहोर्नुपर्ने अंश छुट दिएको पाइयो । संघीय सशर्त तर्फको कार्यक्रम संचालन गर्दा तोकिए बमोजिम नै हुनुपर्ने रु २७१८२/- | २७१८२ |
| ४७ | १५ | २०७९-३-२१ | **दाखिला नभएको**<br>आर्थक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) मा कार्यालयमा प्राप्त भएको जिन्सी सामान मुल्य खुलाई ७ दिन भित्र दाखिला गरिसक्नु पर्ने व्यवस्था छ । प्रदेश सरकारबाट हस्तान्तरित कार्यकम अन्तर्गत महिला युवा विद्यार्थीहरुलाई प्राविधिमैत्री तालिम उपभोक्ता समितिमार्फत कार्यक्रमसंचालन गरी कार्यक्रमको लागि ल्यापटप खरिद गरेको पाइयो।तालिम संचलान गर्नका लागि मात्र गठन भएको उपभोक्ता सिमितले खरिद गरिएको ल्यापटप पालिकामा दाखिला हुनुपर्नेरु | ७०००० |
| ४८ | | | **विलभरपाई**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था गरेको छ। पालिकाले सप्तकोशि कोल्ड स्टोर प्रालिसंग कृषकहरुको आलुको विउ भण्डारणकोलागि रकम रु ६८४४०० भुक्तानी गरेको छ। भुक्तानि गर्दा विपद् व्यवस्थापन वजेट शिर्षकवाट कृषकले आलु कोल्ड स्टोरमा राखेवापत फरक शिर्षकवाट भुक्तानी गरेको देखियो। त्यस्तै आलु भण्डारण गर्ने सुचना | ६८४४०० |

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कृषकले दिएको निवेदन आलु राख्ने कृषकको नामावली आलुको परिमाण खुल्ने कागजात लगायत विवरण संलग्न नगरी खर्च गरेको देखिएकोले उल्लेखित कागजत पेश हुनुपर्ने रु</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद नियमावाली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको निर्माण कार्य वा खरिदमा शिलवन्दी दरभाउपत्र माग गरी खरिद गर्नु पर्ने । एकै प्रकारको समान पटक पटक निर्माण तथा खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने खरिदको प्याकेज बनाई प्रतिष्पधि मुल्यमा खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष शिलवन्दी दरभाउपत्र माग नगरी एकै प्रकारका समान पटक पटक निम्न कार्य गरी भुक्तानी गरेको देखिएकोले यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><th>भौ.न.र मिति</th><th>विवरण</th><th>फर्मको नाम</th><th>खरिद रकम</th></tr>
<tr><td>२८९</td><td>विद्युत विस्तार</td><td>सोहन कन्स्ट्रक्सन</td><td>४८३४७०</td></tr>
<tr><td>२९६</td><td>विद्युत विस्तार</td><td>बेल्टारे निर्माण सेवा</td><td>४३४१२९</td></tr>
<tr><td>३१५</td><td>सडक बतिजडान</td><td>नारायण निर्माण सेवा</td><td>४२९५५९</td></tr>
<tr><td>३८८</td><td>विद्युत बती परिवर्तन</td><td>लिम्माछित निर्माण सेवा</td><td>४९९९३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३९७१९१</td></tr>
</table></td><td>१३९७१९१</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>गैर सरकारी संस्थाबाट खरिद<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम अभिमुखीकरण सबलीकरण मूलप्रवाहीकरण जस्ता कार्य छिटो छरितो प्रभावकारी र मितव्ययी ढंगबाट गराउन सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(१) मा त्यस्तो कामको लागि लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गरी ९९(२) बमोजिम दर्ता भएको र नियम १८ बमोजिम मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको आर्थिक प्रस्ताव स्वीकृत गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था पुरा नभएका</td><td>५८५५४१</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निम्न संस्थाबाट तालिम तथा सिविर संचालन गरेको छ । सो काम गराउन सक्ने क्षमता तथा विषयहरु यकिन नगरी निम्नानुसार रु ५८५५४१/- खर्च गरेको अनियमित देखिएको रु
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं. र मिति</th><th>विवरण</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२७५- २०७९।२।२५</td><td>कृषि तथा पशु तथ्यांक अध्यावधिक</td><td>सामुदायिक अध्ययन केन्द्र</td><td>१०००००</td></tr>
<tr><td>२</td><td>२६८- २०७९। १।२६</td><td>लघुउद्यम तालिम संचलान</td><td>विकास सहजिकरण संजाल उदयपुर</td><td>४८५५४१</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>५८५५४१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>औषधि खरिद<br>औषधि खरिदः पालिकाले यस वर्ष शिलवन्दि दरभाउपत्र मार्फत जि एच मेडिलेल्थ कन्सर्नबाट रु १६६८८४८/- रकमको औषधि खरिद गरेको मा यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:
<ul>
<li>औषधि खरिदका लागि आवश्यकता पहिचान तथा खपतको अवस्थाको आकलन माग संकलन गरेको देखिएन ।</li>
<li>आपूर्ति भएको औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश देखिएन ।</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।</li>
<li>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा तथा स्वास्थ्य संस्थामा हस्तान्तरण गर्दा खुल्ने गरी व्यवस्थित रुपमा खर्च गरेको देखिएन ।</li>
</ul>
</td><td></td></tr>
</table>

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ औषधिको खरिद आपूर्ती दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५२ | | | **सेनिटरी प्याड**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मासार्वजनिक निकायले खरिद कारवाहीको तयारी गर्दा आवश्यक्ता पहिचान गर्ने खरिदको आर्थिक श्रोत र रकम पहिचान गर्ने खरिद विधि छनौट गर्ने लगायतको कार्य गर्नुपर्ने गरी तोकिएको छ । साथै सशर्त शिक्षा(संघ)तर्फको बजेट खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा तोकिएनुसार गर्नुपर्ने समेतको व्यवस्था छ । पालिकाले वर्षान्तमा१७६९९ प्याकेट ( प्रति प्याकेट रु. ५६।५०मू.अ.कर समेत दर) जम्मा रु ९९९९९३/ रकमको स्यानिटरी प्याडपंचकुमारी मेडिसिन सप्लायर्स काठमाण्डौबाट खरिद गरेको पाईयो । उक्त प्याड स्पेशिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा गुणस्तर परिक्षण समेत गरेको पाईएन । लेखापरीक्षण अवधि सम्म उक्त सामग्री पालिकाकै जिन्सी खातामा मौज्दात रहेको पाईयो । आवश्यक्ता पहिचान बेगर खरिद गरिएको प्याड कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिमलाई हस्तान्तरण गरी खर्चको सुनिश्चितता हुनुपर्दछ । | |
| ५३ | | | **शिक्षक दरवन्दि तथा पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br>(तालिका तल)<br>उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा पालिकामा प्रति शिक्षक औषतमा ३७ जना विद्यार्थी पढाउनु पर्ने अवस्था देखिएको छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक दरवन्दीको असमान वितरण भएको देखिदा पालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशीघ्र अगाडि बढाउनु पर्ने देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये स्थायी | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | विभिन्न ४८ विद्यालय | ३१३ | ३१३ | १५४ | १५९ | ११६०४ |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **नमूना विद्यालय कार्यक्रम** | |
| ५४.१ | | | **कार्यसम्पादन प्रोत्साहनः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.१३.१३ मानमूना विद्यालयमा कार्यसम्पादन करारका आधारमा प्र.अ. र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदानवापत प्रति विद्यालय रु २ लाखका दरले वजेट व्यवस्था बजेट व्यवस्था रहेक साथै कार्य संझौता बमोजिम नतिजा विद्यालय व्यवस्थापन समितिबाट सिफारिस प्राप्त भएपछि उक्त रकम विद्यालयमा निकासा गरी सो रकम मध्ये ५० प्रतिशत प्रधानाध्यापक र ५० प्रतिशत अन्य विषयगत शिक्षकलाई उपलब्ध गराउनुपर्ने उल्लेख छ । जनता मावि हडियालाई यस वर्ष उक्त शीर्षकअन्तर्गत रु २०००००।— निकासा गरेकोमा उक्त प्रोत्साहन भत्ता शिक्षकहरुलाई वितरण गरेको विवरण पेश भएन । कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम प्रोत्साहन रकम वितरण हुनु पर्दछ । | |
| ५४.२ | ३३३ | २०७९-३-८ | **शैक्षिक तथा व्यवस्थापनकीय अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलाप नं. २.७.१३.१३ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान वापत खण्ड "क" र "ख" मा उल्लेखित विद्यालयहरुलाई रु ३० लाख अनुदान दिने व्यवस्था छ । पालिकाले नमुना विद्यालय जनता मावि हडियालाई उक्त शीर्षक अन्तर्गत रु ३००००००।— निकासा गरेकोमा विद्यालयले १० जना शिक्षक र ४ जना कार्यालय सहयोगी गरी जम्मा १४ जना नियुक्ति भएको उल्लेख गरी तलव भत्ता वापत रु ३२९९५००/- खर्च गरेको विवरण पेश भएको छ । विद्यालयले शिक्षक कर्मचारी नियुक्ती पारिश्रमिक भरपाईको माध्यमबाट वितरण गरेको पाइयो । विद्यालयले सबै शिक्षक तथा कर्मचारीको तलव भत्ता बैकिङ्ग प्रणाली मार्फत भुक्तानी भुक्तानी गरिनु पर्दछ । | |
| ५५ | | | **दिवा खाजा**<br>कार्यक्रम कार्यान्वन पुस्तिका २०७८।७९ अनुसार स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालबालिकाहरुका लागि उपलव्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा प्रतिविद्यार्थी दैनिक रु १५/- का दरले १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान व्यवस्था मिलाउने । स्थानीय तहले दिवा खाजामा उपलव्ध गराईएका विद्यार्थीहरुको दैनिक हाजिर पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यास अध्यक्षबाट प्रमाणीत गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तेश्रो त्रैमासिकको निकासा गर्दा पहिलो र दोश्रो त्रैमासिकमा निकासा भएको रकम सदुपयोगको सुनिश्चित गर्ने । सवै विद्यालयका प्रधानाध्यापकहरुको बैठक राखी रहेको दिवा खाजा व्यवस्थापन पुस्तिका | |

| क्र.सं. | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७७ जानकारी गराउने र सम्भव भए सम्म स्थानीय तहभित्रका सबै विद्यालयहरुमा एकै किसिमको मेनु व्यवस्थापनमा सहजिकरण गर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष दिवा खाजा वापत ४८ विद्यालयलाई रु ९६७२३९४/- भुक्तानी दिएको छ । कार्यान्वयन पुस्तिका बमोजिम सबै विद्यालयहरुले प्रधानाध्यापक र विव्यास अध्यक्षबाट हाजिरी प्रतिलिपि प्रमाणित गरेको छैन। पालिकाले दिवा खाजाको मेनुमा एकरुपता तथा खर्चको सदुपयोगको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । | |
| ५६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृतबेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३ योजना संचालन गरी १५९ जनालाई न्यूनतम २१ देखि अधिकतम १०० दिन सम्मको पारिश्रमिक वापत रु. ८११८३९०/-खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ५७ | | | **अनुदानको उपयोग तथा अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले कृषकको नाम नामेसी सहितको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने तथा समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि तथा पशु कार्यक्रममा उपलब्ध गराएको अनुदान सम्बन्धमा अध्यावधिक विवरण तयार गरी राखेको पाइएन । यसरी अभिलेख अद्यावधिक नहुँदा एकै फर्म तथा व्यक्तिलाई पटक पटक अनुदान जाने सक्ने जोखिम हुने भएकोले पालिकाबाट अनुदान वितरण अभिलेख अद्यावधिक गरी समय समयमा अनुगमन गर्नु पर्दछ । पालिकाबाट यस वर्ष अनुदान प्रदान गरेको उदाहरण यस प्रकार रहेका छन्ः | |

| गोश्वारा भौचर | अनुदानग्राहीको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| ४१०- २०७९।३।२३ | उदयपुर वंगुर व्यवसायिक कृषक समूह | बंगुर पकेट कार्यक्रम | ५८०००० |
| ४११- २०७९।३।२३ | सिंहदेवी बाखा पकेट विकास कार्यक्रम कार्यान्वयन समिति | बाखा पकेट कार्यक्रम अन्तर्गत खोर निर्माण तथा सुधा | १४५५००० |

<table>
<tr><th>क्र.सं.</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४४३- २०७९।३।२४</td><td>बाखा पकेट विकास कार्यक्रम कार्यान्वयन समिति</td><td>बाखा पकेट कार्यक्रम निरन्तरता</td><td>७०००००</td></tr>
<tr><td>४३५- २०७९।३।२४</td><td>कञ्चनरुप कृषक समुह</td><td>अदुवा वेसार पकेट कार्यक्रम</td><td>३८८०००</td></tr>
<tr><td>४३३- २०७९।३।२४</td><td>सिंहदेवी महिला कृषक समूह</td><td>अदुवा वेसार पकेट कार्यक्रम</td><td>३८८०००</td></tr>
<tr><td>४३१- २०७९।३।२४</td><td>नवजागरण कृषक समूह</td><td>अदुवा वेसार पकेट कार्यक्रम</td><td>३८८०००</td></tr>
<tr><td>४२९- २०७९।३।२४</td><td>श्री स्वस्थानी कृषक समूह</td><td>अदुवा वेसार पकेट कार्यक्रम</td><td>३८८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>संपरीक्षण र अनुगमन<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षमा देखिएको बेरुजू रु ११ करोड ४९ लाख १६ हजार सम्बन्धमा लेखापरीक्षण अवधिमा वेरुजू फछ्र्यौटको लागि पेश भएन । पालिकाले बेरुजू संपरीक्षण गरी लगत अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
</table>